म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- १२२ २०८० चैत ९ गते शुक्रबार 22 March 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

शौचालयको प्रयोग गरौं संक्रमणबाट जागाऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडा उपमहानगरको अनुमानित आयमा ३० करोडले कम हुने प्रक्षेपण

खर्च कटौति गर्न वडालाई परिपत्र

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाको चालु आर्थिक वर्षको अनुमानित आयमा ३० करोड रुपैयाँले कमि आउने प्रक्षेपण गरिएको छ । संघीय र प्रदेश सरकारले दिने अनुदान, राजश्व बाँडफाँड र आन्तरिक आयमा कमि आउने निश्चित भएको उपमहानगरका अधिकारीको भनाइ छ। २ अर्ब ९० करोडको बजेट बनाएको उपमहानगरले झण्डै ३० करोड रुपैयाँ कम आम्दानी हुने निश्चित भएपछि खर्च कटौतिका लागि वडालाई पत्राचार गरिसकेको छ ।

हेटौँडा उपमहानगरपालिकाको वित्त व्यवस्थापन महाशाखाका प्रमुख अनिरुद्र नेपालकाअनुसार संघीय सरकारको समानीकरण अनुदान, घरजग्गा रजिष्ट्रेसन, मूल्य अभिवृद्धि कर, सवारीसाधन कर र नदीजन्य पदार्थको विक्रीबाट हुने आम्दानीमा उल्लेख्य कमि हुने अनुमान गरिएको छ । फागुन मसान्तसम्मको आयको अवस्थालाई विश्लेषण गर्ने क्रममा उपमहानगरको प्रस्तावित आयमा करिब ३० करोड रुपैयाँले कमि आउने अनुमान गरिएको महाशाखा प्रमुख नेपालले जानकारी दिनुभयो ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा २ अर्ब ९० करोड रुपैयाँ आम्दानी हुने अनुमान गरेको छ। फागुन महिनासम्ममा १ अर्ब ९० करोड रुपैयाँ मात्रै आम्दानी भएको छ । "आम्दानी कम हुने भएपछि खर्च व्यहोर्न गाह्रो हुने विषयमा कार्यपालिका बैठकमा नै जानकारी गराइसकेका छौं" महाशाखा प्रमुख नेपालले भन्नुभयो, "चैत २ गतेको कार्यपालिका बैठकपछि चै ७ गतेको मितिमा वडामा परिपत्र गरेर तालिम, भ्रमण, अभिमुखीकरण जस्ता कार्यक्रम रोक्न भनिएको छ ।"

संघीय सरकारबाट समानीकरण अनुदानमा ३१ करोड प्राप्त हुने अनुमान गरिएकोमा फागुन मसान्तसम्म २३ करोड २८ लाख रुपैयाँ प्राप्त भएको छ। घरजग्गा रजिष्ट्रेसनवापत २८ करोड ८६ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरि एकोमा ९ करोड ५७ लाख रुपैयाँ मात्र आम्दानी भएको छ। मूल्य अभिवृद्धि कर वापत २१ करोड ६२ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएकोमा फागुन मसान्तसम्ममा ६ करोड २६ लाख रुपैयाँ मात्रै आम्दानी भएको छ।

सवारी साधन करबाट हुने आम्दानीमा पनि उल्लेख्य कमि आउने देखिएको छ। १० करोड ७३ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएकोमा ३ करोड ११ लाख रुपैयाँ मात्रै आम्दानी भएको छ । यस्तै नदीजन्य पदार्थको विक्रीबाट ५ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरेको हेटौँडा उपमहानगर पालिकाले फागुन मसान्तसम्ममा १७ लाख रुपैयाँ मात्रै आम्दानी गर्न सकेको छ।

महाशाखा प्रमुख नेपालका अनुसार समानीकरण अनुदानमा ६ करोड, घर जग्गा रजिष्ट्रेसन करमा ८ करोड, मूल्यअभिवृद्धि करमा ६ करोड, सवारी साधन करमा २ करोड र नदीजन्य पदार्थबाट ४ करोड रुपैयाँले कम आम्दानी हुने अनुमान गरिएको छ । आर्थिक महाशाखाका अधिकारीले हेटौँडा उपमहानगरपालिकाको कार्यपालिका बैठकमा चालु आर्थिक वर्षमा अनुमान गरिएको ३० करोड रुपैयाँ बजेट कम हुने निश्चित भएकोले चालु योजनाको भुक्तानी समेत दिन कठिन हुने स्पष्ट पारेका छन्। चालु योजनाका भुक्तानी दिन सुरु गरियो भने उपमहानगर गम्भीर आर्थिक संकटमा पर्ने चेतावनी समेत दिएको छ।

माओवादी केन्द्रको मकवानपुर इन्चार्जमा गौतम

समाज संवाददाता

हेटौँडाः नेकपा माओवादी केन्द्रले बागमती प्रदेशका १३ जिल्ला, दुईवटा महानगर र एउटा उपमहानगरपालिकाको इन्चार्ज तोकेको छ। बिहिबार आन्तरिक सर्कुलर जारी गर्दै नेकपा माओवादी केन्द्रको केन्द्रीय समितिले मकवानपुर जिल्ला इन्चार्जमा विजय गौतमलाई जिम्मेवारी दिएको छ भने हेटौँडा उपमहानगर पालिकाको इन्चार्जको जिम्मेवारी प्रल्हाद लामिछानेलाई दिइएको छ।

गौतम युवा नेताको रुपमा परिचित हुनुहुन्छ । मन्त्रीको सचिवालयमा रहेर काम गर्ने क्रममा भद्र युवा नेताको परिचय बनाउनुभएका गौतम मकवानपुरको बकैया गाउँपालिकाका स्थायीवासी हुनुहुन्छ। नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति सदस्य गौतम विद्यार्थी राजनीतिमा अखिल क्रान्तिकारीको केन्द्रीय कमिटीको उपाध्यक्ष समेत हुनुभएको थियो । यसअघि मकवानपुर जिल्ला इन्चार्ज बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तान हुनुहुन्थ्यो । माओवादी केन्द्रको विधान सम्मेलनले केन्द्रीय समितिमा रहेर सार्वजनिक पदमा बसेकाहरु पार्टीको महत्वपूर्ण जिम्मेवारी नदिने निर्णय गरेको थियो।

माओवादी केन्द्रले रसुवामा कल्पना शर्मा, धादिङमा पुष्पविक्रम मल्ल, चितवनमा घनश्याम दाहाल, सिन्धुलीमा बुद्धिमान माझी, रामेछापमा श्यामकुमार श्रेष्ठ, दोलखामा विशाल खड्का, काभ्रेपलाञ्चोकमा तेजबहादुर मिजार, सिन्धुपाल्चोकमा केशव नेपाल, नुवाकोटमा हिरानाथ खतिवडा, काठमाडौंमा सूर्य सुवेदी पथिक, ललितपुरमा हरि दाहाल, भक्तपुरमा दिलिप प्रजापति, काठमाडौं महानगरपालिकामा मुक्तिनारायण प्रधान र ललितपुर महानगरमा राजकाजी महर्जनलाई इन्चार्ज तोकेको छ।

राष्ट्रिय भूमि आयोग खारेज

नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
ताहाचल, काठमाडौं

काठमाडौंः सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले आयोग खारेज गर्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए।

३० भदौ २०७८ मा सरकारले कांग्रेससम्बद्ध नेपाल शिक्षक संघका पूर्व अध्यक्ष केशव निरौलाको अध्यक्षतामा आयोग गठन गरेको थियो । त्यसअघि तत्कालीन सरकारले एमाले नेता देवी ज्ञवाली नेतृत्वको भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गरेको थियो । सत्ता गठबन्धन फेरिएसँगै नयाँ आयोग गठन गर्ने गरी सरकारले राष्ट्रिय भूमि आयोग खारेज गरेको हो।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई लालपूर्जा दिने गरी गठन भएको भूमि आयोगले पछिल्लो समयमा विभिन्न ठाउँमा लालपूर्जा वितरण थालेको थियो। स्थानीय तहहरुबाट भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको आवेदन लिने, त्यसको प्रमाणीकरण गर्ने र नापी नक्सामा पठाउने काम सुरु भएको थियो । अहिले अव्यवस्थित बसोबासीलाई सरकारी जग्गाको लालपूर्जा दिँदा तिर्नुपर्ने मूल्य आधा कम गर्ने प्रस्ताव अर्थ मन्त्रालयमा पुगेको छ । यही अवस्थामा सत्ता समीकरण बदलिएसँगै नयाँ आयोग बनाउन पुरानो आयोगलाई खारेज गर्ने निर्णय भएको एक मन्त्रीले जानकारी दिए। भूमिसम्बन्धी ऐन २०२१ मा भूमि व्यवस्थापन र भूमि सम्बन्धी समस्या समाधानका लागि आयोग गठन गरिने उल्लेख छ। *स्रोतः अनलाइनखबर।*

बालश्रमिकहरुलाई परामर्शपश्चात अभिभावकलाई जिम्मा

समाज संवाददाता

हेटौँडाः हेटौँडाबाट उद्दार गरिएका बालश्रमिकहरुलाई परामर्शपश्चात् अभिभावकलाई जिम्मा लगाएको छ । बिहीबार बागमती प्रदेशको श्रम तथा रोजगार मन्त्रालयले हेटौँडा र मकवानपुर गढी गाउँपालिकाबाट उद्दार गरिएका ६ जना बालबालिकालाई अभिभावकको जिम्मा लगाएको कार्यालय प्रमुख छन्दनारायण श्रेष्ठले जानकारी दिनुभयो।

हेटौँडा उपमहानगरपालिकाको बालश्रमिक उद्दार उपसमिति, बाल हेल्पलाइन मकवानपुर र उपमहानगर पालिकाको बाल सहजकर्ताको टोलीले गएको सोमबार हेटौँडा-८ स्थित कमाने, हेटौँडा-१८ स्थित हर्नामाडी र मकवानपुर गढी गाउँपालिका-६, डुम्रेकुनास्थित च्याउ फार्मबाट उनीहरुलाई उद्दार गरेको थियो। श्रम कार्यालयले तीनवटै च्याउ फार्मका सञ्चालक हेटौँडा-१८ का प्रकाश खतिवडालाई ५ हजार रुपैयाँ जरिवाना गरेको छ। यस्तै, सञ्चालक खतिवडालाई हेटौँडा-१५ का १२ वर्षीय विनोद दोङ र १६ वर्षीय मंगललाल पाखिन दुबैजनालाई १ महिना ६ दिन काम गरेबापतको २१ हजार ९ सय ७६ रुपैयाँ पारिश्रमिक दिन लगाएको छ।

यस्तै, हेटौँडा-१ का १६ वर्षीय रञ्जित बोम्जन, १४ वर्षीय दीपक भोलन र १३ वर्षीय रमित पाखिनलाई ४ दिन काम गरेबापत यातायात खर्चबापत ४ सय रुपैयाँ दिन लगाइएको छ। हेटौँडा-१५ का १३ वर्षीय अनिल बललाई ५ सय रुपैयाँ यातायात खर्च उपलब्ध गराएको छ। उद्दार गरिएकाहरु सबैजना विद्यार्थी भएको र पढाई छाडेर बसेको पाइएको प्रमुख श्रेष्ठले बताउनुभयो।

अभिभावकसँग सोधपुध गर्दा उनीहरु आफैं पढाइ छोडेर काम गरेको र बालश्रमसम्बन्धी ऐन कानुनबारे जानकार नभएको बताएको उहाँले जानकारी दिनुभयो। सबै अभिभावकले आफैंले आफ्ना छोराहरुलाई पढाउने प्रतिबद्धतासमेत जनाएको उहाँले बताउनुभयो । बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीका अनुसार मकवानपुरमा यो वर्षको जनवरीदेखि हालसम्म ९६ जना बालश्रमिकको घटना दर्ता भएको छ।

बालश्रमबारे स्थानीय तहका पदाधिकारी र शिक्षकलाई प्रशिक्षण

समाज संवाददाता

हेटौँडाः बालश्रम निवारणमा क्षेत्रगत अवधारणाबारे मनहरी गाउँपालिकाका पदाधिकारी र शिक्षकका लागि प्रशिक्षणात्मक गोष्ठीको आयोजना गरिएको छ । गोष्ठीमा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ मा भएको मुख्य व्यवस्थाहरु, बालश्रम अन्त्यका लागि यसअघि तयार पारिएको कार्ययोजनाको समीक्षा गरिएको थियो ।

मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगर (रेखा) को सभाध्यक्षतामा भएको गोष्ठीमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक समाज सञ्जाल बागमती प्रदेशको अध्यक्ष तथा बाल कल्याण समाजका अध्यक्ष प्रकाश खतिवडा, ग्लोबल मार्चको कार्यक्रम प्रबन्धक एन्जेला सोलानो डोन्सेल, स्वतन्त्रता अभियानको कार्यक्रम प्रबन्धक प्रतिक्षा केसी, पालिकाको शिक्षा शाखा प्रमुख, सामाजिक शाखा प्रमुख, विभिन्न विद्यालयका शिक्षकहरु, पालिकाको विभिन्न शाखाको प्रमुखहरुको सहभागितामा गोष्ठी भएको थियो ।

कार्यक्रम बाल कल्याण समाज मकवानपुर, स्वतन्त्रता अभियान र ग्लोबल मार्चको संयुक्त आयोजना तथा मनहरी गाउँपालिकाको सहकार्यमा भएको हो । गोष्ठीमा बालअधिकारकर्मी आत्माराम थापाले सहजीकरण गर्नुभएको थियो । गोष्ठीलाई सम्बोधन गर्नुहुँदै मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगरले पालिकालाई बालश्रममुक्त गर्ने कार्य गरिरहेको बताउनु हुँदै छिमेकी पालिकाबाट बालबालिकाहरु बालश्रम गर्न मनहरी गाउँपालिकामा आएकोले समस्या भएको बताउनु भयो। उहाँले तीनै तहको सरकार बीच समन्वय भएमा छिटो बालश्रममुक्त, बालबिबाहमुक्त, सबैका लागि शिक्षा निशुल्क गराउन सकिने भएकोले संघीय र प्रदेश सरकारले नीतिगत र कार्यक्रमिक तहमा सहकार्य गर्न पनि आग्रह गर्नु भएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीले स्थानीय सरकार र नागरिक समाज बीचको सहकार्यबाट बालश्रममुक्त गर्ने अभियानमा पालिकाले सफलता हासिल गर्दै गएको बताउनुभयो। उहाँले बालश्रम अन्त्यका लागि कार्ययोजना बनाउन सहकार्य गर्दै कार्यगत एकता समेत गरिएको बताउनुभयो ।

बाल कल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाले नागरिक समाज सञ्जालले स्थानीय सरकारलाई बालश्रममुक्त, बालबिबाहमुक्त, विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय भर्ना, सिमान्तकृत एवम् विपन्न बालबालिकालाई समेत निशुल्क तथा अनिवार्य शिक्षाको सुनिश्चितता गर्ने अभियानमा सहकार्य गर्न सकिने बताउनु भयो। ग्लोबल मार्चका कार्यक्रम प्रबन्धक एन्जेला सोलानोले बालश्रम अन्त्यका लागि स्थानीय सरकारलाई आवश्यकताको आधारमा प्राविधिक सहयोग गर्न सकिने बताउनुभयो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com



विश्वेश्वरप्रसाद कोइरालाको
जेल डायरी
सन् १९६२-१९६८
परिचर्चा कार्यक्रम
मिति : २०८०/१२/०९ शुक्रबार
समय : दिनको २:३० बजे
स्थान : होटल एभोकाडो हेटौंडा-२, मकवानपुर
शंकर तिवारी
सम्पादक
घनश्याम घिमिरे
सहजकर्ता
आयोजक
वि.पि. विचार समाज, मकवानपुर

सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

रुसी सेनामा रहेका नेपालीको उद्दार होस्

वैदेशिक रोजगारीको नाममा हुने गरेको मानव बेचविखन मुलुकको ठूलो सामाजिक समस्या बनेको छ । विगतमा चेलीबेटी बेचविखन बढी हुने गरेको पछिल्लो समय वैदेशिक रोजगारीका नाममा महिला र पुरुष दुबै बेचविखनमा पर्ने गरेका छन् । विभिन्न देशमा रोजगारी वा अन्य उद्देश्यलेमा नेपालीलाई प्रभावित पारेर लैजाने र फरक काममा लगाउने परिपाटी बढ्दै गएको छ। रोजगारीमा जान अनुमति नै नपाएको देशमा श्रम स्वीकृतिबिना गैरकानुनी माध्यमबाट जानेहरु नै बेचविखन पर्ने र अन्य जोखिमपूर्ण काम गर्नुपर्ने बाध्यतामा पुग्ने गरेका छन् । छोटो समयमा धेरै पैसा कमाउन सकिने दलालको प्रलोभनमा परेर विदेशिने र जोखिमपूर्ण काम गर्नुपर्दा मृत्युसमेत हुने गरेको धेरै घटनाले पुष्टि गरिरहेको छ । विभिन्न युद्ध/द्वन्द्वग्रस्त देशमा पुगेकामात्र नभई युद्धमै सामेल भएर जोखिमपूर्ण अवस्थामा रहेका थुप्रै नेपालीले मृत्युवरण गर्ने गरेका छन् ।

रुसी सेनामा संलग्न भएर रुस-युक्रेन युद्धमा मारिने नेपालीको संख्या पनि उल्लेख्य रहेको छ । नेपालीलाई रुसी सेनामा भर्ती हुने अनुमति सरकारले दिएको छैन । झन् रुस र युक्रेनबीच झण्डै दुई वर्षदेखि युद्ध चलिरहेको अवस्थामा नेपालीलाई रुसी सेनामा भर्ती हुने अनुमति सरकारले दिने कुरै भएन । तर, हजारौं नेपाली रुसी सेनामा भर्ती भएर रुस-युक्रेन युद्धमा सामेल भइरहेको अवस्थाले मानव तस्करीको ठूलो सञ्जाल सक्रिय रहेको अनुमान गर्न सकिन्छ । रुस-युक्रेन युद्धमा ३२ जना नेपालीले ज्यान गुमाइसकेको तथ्यांकले पनि थुप्रै नेपालीहरु रुसी सेनामा भर्ती भएको पुष्टि गर्दछ । हालैमात्र रुस-युक्रेन युद्धको क्रममा मकवानपुरकै २ जनाको मृत्य भएको समाचार सार्वजनिक भएको छ । त्यतिमात्र नभई रुसी सेनामा भर्ती भएर युद्धमा सहभागी भएका मकवानपुरका अन्य २ जनालाई उद्दार गरिदिन परिवारले यसअघि नै आग्रह गरेका थिए। सुरक्षित वैदेशिक रोजगार परियोजना (सामी)समक्ष परिवारले उद्दारमा सघाउन आग्रह गरेका हुन् । युद्धका क्रममा घाइते भई रुसको नियन्त्रणमा रहेको युक्रेनकै क्षेत्रको अस्पतालमा रहेका हेटौंडा-१३ का र युद्धमै खटिरहेका हेटौंडा-११ का अर्का पुरुषको उद्दारका लागि उनीहरुका परिवारले आग्रह गरेका हुन् ।

रुसी सेनामा जागिर लगाइदिने र आकर्षक तलब पाइने दलालको विश्वासमा परेर विदेशिएकाहरु अप्रत्यक्षरुपमा बेचविखनमा परेका छन् । रुसी सेनामा भर्ती हुनासाथ नेपालीहरुलाई पर्याप्त तालिमबिना नै युद्धग्रस्त क्षेत्रमा खटाइने गरेको पाइएको छ । दलालको प्रलोभनमा परेर ८ लाखसम्म बुझाएर रुस पुगेकादेखि विदेशमा रहेका नेपालीसमेत रुसी सेनामा भर्ना भएको पाइएको छ। सेनामा काम गर्दिन भन्दा पनि उम्कन नपाएको भन्दै परिवारले उद्दारका लागि आग्रह गर्ने गरेका छन् । सेनामा भर्ती भएका कतिपय नेपाली परिवारको सम्पर्कमा समेत छैनन् । गैर कानुनीरुपमा रुसी सेनामा भर्ती हुन पुगेका कारण कति नेपाली सेनामा छन् र कुन अवस्थामा छन् भन्ने नेपाल सरकारलाई समेत जानकारी छैन ।

मानिसमा चाँडै धन कमाउने लोभका कारण असुरक्षित र गैरकानुनी वैदेशिक रोजगारीमा पुग्ने र पुऱ्याउने क्रम चलिरहेको छ । यसले मानव बेचविखन वा तस्करीका घटना बढ्दै गएको छ। वैदेशिक रोजगारीका जहाँ पनि जान खोज्ने र त्यसले पार्ने समस्याका बारेमा सचेत नभएका नेपालीहरु नै यस्ता घटनामा पर्ने गरेका छन् । मानव बेचविखनको परिवर्तित स्वरुपमा वैदेशिक रोजगारीको नाममा हुने मानव तस्करी देखिएको छ । यसले प्रत्यक्षरुपमा नेपालीलाई वैदेशिक रोजगारीमा पठाएको देखिए पनि त्यसले अप्रत्यक्षरुपमा बेचविखन भइरहेको छ । कमजोर आर्थिक अवस्था, न्यून शैक्षिक अवस्था, चेतनाको कमी, बेरोजगार, सरकारी उदासिनता, छोटो समयमा धेरै पैसा कमाउने लालसाजस्ता कारणले मानव बेचविखन भइरहेको छ । मानव बेचविखनको एउटा ज्वलन्त उदाहरण बनिरहेको रुसी सेनामा रहेका नेपालीलाई समयमै उद्दार गर्न सरकारले प्रभावकारी कदम चाल्नुपर्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : धार्मिक र सामाजिक काममा सरिक भइने छ ।
वृष : योजना अनुरुप अगाडि बढ्दा राम्रो रहने छ ।
मिथुन : वैदेशिक कारोबारबाट लाभ प्राप्त हुने समय छ ।
कर्कट : जागिरमा पदीय दायित्व बढ्ने समय योग छ ।
सिंह : परिबन्ध र बाध्यतामा अल्मलिने समय योग छ ।
कन्या : धार्मिक कृत्यमा महत्वपूर्ण जमघट हुने समय योग छ ।
तुला : लेखाइ–पढाई मध्यमकारक मान्नुपर्ने समय छ ।
वृश्चिक : लक्ष्यप्राप्तिका लागि कडा परिश्रम आवश्यक देखिन्छ ।
धनु : धार्मिक र परोपकारका काममा समय व्यतित होला ।
मकर : तालिम र ज्ञान बढाउने विषयमा सरिक भइने छ ।
कुम्भ : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।
मीन : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।

मिटरव्याज पीडित किसानका समस्याहरु

सम्राट तुम्बाहाङफे

विषय प्रवेशः

नेपाली शब्द सागरका अनुसारः मिटर भन्नाले विजुली, पानी आदिको गति र परिमाण नाप्ने र रेकर्ड राख्ने यन्त्र र व्याज भन्नाले ऋणिले ऋणको साँवा बाहेकको दिनुपर्ने थपुवा धन वा वस्तु भन्ने बुझिन्छ। यसरी मिटरव्याज भन्नाले विजुली, पानी आदिको गति र परिमाण नाप्ने जस्तै ऋणिले ऋणको साँवा बाहेक दिनुपर्ने हवार हवारती व्याज, व्याजको पनि स्याज, त्यसको पनि स्याजसहित मूल पुँजीमा जोड्ने साँवाले मन लाग्दो पैसा बढाउँदै लाने एकोहोरो मन लाग्दो कागज प्रमाण बनाउँदै जाने, एकहोरो रकम असुल्दै जाने, ऋणीलाई कुनै निस्सा नदिने र ऋणीको घर-जग्गा जमिन, चल अचल सम्पत्ती सबै हडपेर सुकुम्वासी बनाउँदै लखेट्ने जस्तो मिटरव्याज पीडित किसानहरुको समस्याहरुको अवस्था हो भन्ने बुझिन्छ ।

ऐतिहासिक पृष्ठभूमिः

यस प्रकारको सुदखोर तथा मिटर व्याजीहरुलाई नियन्त्रण समय-समयमा कदम चाल्न खोजिएको पाइन्छ । एकीकरण पूर्व २२/२४ राज्यहरुको अवस्था देखि गोरखाका राजा राम शाहले वि.सं. १६६६ देखि १६९३ मा २६ वटा थितिहरु लागु गर्न खोज्नु । वि.सं. २००० भदौमा तात्कालिन सरकारले काभ्रे (बनेपा) मा ल्याण्ड एण्ड मोर्गेज बैंक स्थापना गरेको थियो । उक्त बैंकलाई २००६ जेठ १० गते विघटन गरिएको थियो । वि.सं. २००० को दशकमा सूदुरपश्चिममा शहीद भीमदत्त पन्तले संचालन गरेको किसान आन्दोलनको एउटा मुख्य एजेण्डा सुदखोर तथा मिटरव्याजी प्रथाको खारेजी थियो । उनले आफ्नो जन्मस्थल डडेलधुराको कारी गाउँ लगायतका विभिन्न ठाउँका जमिनदारहरुले बनाएका तमसुकहरु खोसेर जलाएका थिए। वि.सं. २००७ को क्रान्ति २००९ देखि २०१४ सम्म रौतहट, बारा, पर्सा, महोत्तरी, धनुषा, सिराहा, चितवन र तनहुँ लगायतका जिल्लाहरुमा तात्कालिन सुदखोर तथा मिटरव्याजी साहु सामन्तका विरुद्धमा किसान आन्दोलनहरु हुँदै आएका छन् । वि.सं. २०२८/२०२९ झापा संघर्ष स्थानीय सामन्तहरुको विरुद्धमा किसानहरुको हितमा समेत सञ्चालित कदम थियो । २०३६ साल, २०४६ साल २०५१/०५२ मा रोल्पा, डोल्पा जिल्लामा स्थानीय सामन्तहरुको विरुद्धमा किसानहरुको हितमा राजनीतिक परिवर्तनका लागि हतियार उठाएर १० वर्षको माओवादी युद्धको शुभारम्भ गरिएको थियो । २०६२/०६३ को जनक्रान्ति पनि सुदखोर तथा मिटरव्याजी जस्ता सामन्तहरुको विरुद्धमा थियो ।

सामन्तवादको विघटन भएको छ तर सामन्तवादको अवशेष भने रही आएको छ। मिटरव्याजी साहु सामन्तीहरु यो झर्रो सामन्तवादको जल्दोबल्दो अवशेषको जुरमुराहट हो यो । संघीय लोकतान्त्रिक गणतन्त्रलाई चुनौती पनि हो, हाम्रा नेतृत्वदायीहरुलाई पनि हो ।

मिटरव्याजको समस्याः

खासगरी तराई-मधेशका विपन्न वर्गका लागि मिटरव्याज ठुलो समस्या बनेको छ। त्यस्तो वर्गको मानिसले दैनिक गुजारा, उपचार, सन्तानको शिक्षा दीक्षा, विवाह र व्रतवन्ध जस्ता संस्कारहरु टार्न र वैदेशिक रोजगारीमा जान महङ्गो व्याजदरमा ऋण लिने गर्दछन् । बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिन पहुँच नपुग्ने भएकोले उनीहरु गाउँघरकै साहुलाई गुहार्न बाध्य हुन्छन् । साहुहरुले उनीहरुको सोझोपनको नाजायज फाइदा उठाउँदै ऋण रकम नै चार/पाँच गुणासम्म बढाएर तमसुक तयार गरिदिन्छन् र त्यसैको आधारमा शोषण गर्न थाल्दछन् ।

वैंक तथा वित्तीय संस्था र सहकारी संस्थाको भूमिकाः

साधारण किसान एवम् जनताको घर व्यवहारमा अप्ठ्यारो परेको अवस्थामा समस्या समाधान गर्नका लागि बैंकहरु र वित्तीय संस्थाहरु गरिब तथा निम्न आर्थिक अवस्थाका किसानहरुको हितमा नहुने भएको हुनाले यस्तो स्थिति सृजना हुन गएको हो ।

- बैंक तथा वित्तीय संस्थाहरु एवम् सहकारी संस्थाहरुले परम्परागत रुपमा रहेको मिटरव्याजी साहुहरुले सामन्तहरुले जस्तै निम्न किसान तथा गरीव जनतालाई व्यवहार गरिरहेका छन् ।

- गरिब निमुखा र पीडित नागरिकहरुले मिटरव्याजको आतंकबाट मुक्ति पाउनु पर्दछ ? देशका जिम्मेवार पक्षहरु यस वर्गको निमित्त संवेदनशील हुन सकेको छैन ।

मिटरव्याजी साहुहरूको घोर अत्याचारः

उदाहरणका लागि ६० हजार मात्र ऋण लिँदा २ लाख ४० हजारको कागज (तमसुक) बनाएर घर-घडेरी नै हडप्ने, गोठमा भएका गाईभैसी फुकाएर लखेटी दिएको मात्र नभई तुरुन्त घर खाली गर्न धम्की दिएको र प्रहरी लगाएर कुटपिट गराएको सम्मको समस्याहरु छन् ।

- त्यसमा चक्रिय व्याज जोडेर साँवा बढाउँदै लाने र जाति तिरे पनि नसकिने स्थिति बनाउने ।

- साहुले गर्ने गरेको अन्याय, अत्याचार शोषण, प्रहरीद्वारा कुटपिट आफ्नो घरबाट निकालिदिने न्यायालयले न्याय नदिने, प्रशासनले र नेताहरुले उनीहरुकै पक्ष लिने, महिलाहरुको यौन शोषण गर्ने आदि कुकृत्य सहन नसकेर कतिपय ऋणीहरुले आत्महत्या समेत गर्ने प्रयास गरेको देखिन्छ ।

मिटरव्याज पीडित किसानका समस्याहरूः

- मिटरव्याजसँग सम्बन्धित सम्पूर्ण फर्जी लिखतहरु (तमसुक, दृष्टि वन्धक, रजिष्ट्रेशन र चेक) अवैध घोषणा गर्नु पर्ने ।

- जुनसुकै तहमा भएको पीडितको सम्पत्तिको हक हस्तान्तरण वदर गरी जायजेथा फिर्ता गर्नु पर्ने ।

- विभिन्न तहका अदालतमा मिटर व्याजी साहुले पीडित विरुद्ध दिएका मुद्दाको दर्ता र सम्पूर्ण अदालती प्रक्रिया स्थगित गर्नु पर्ने ।

- फैसला भइसकेका मुद्दाहरु आयोगमा पेश गर्न लगाएर पुनरावलोकन गर्नु पर्ने ।

- फर्जी लिखत (चेक वाउन्स) समेतका आधारमा सजाय कटाई रहेका पीडितको रिहाई, जरिवाना मिनाहा र विगो खारेज गर्नु पर्ने ।

- मिटरव्याजसँग सम्बन्धित निवेदनका सरकारी तथ्यांक अपूर्ण भएकोले तत्काल नयाँ निवेदन दर्ता खुला गरी पीडितहरुको अभिलेखीकरण गर्नु पर्ने ।

- मिटरव्याजी साहु-महाजनलाई पक्राउ गरी कारवाही गर्नु पर्ने ।

- मिटरव्याजी साहु महाजनले आफू विरुद्धको उजुरी लिने निषेधाज्ञा रद्द गर्नु पर्ने ।

- वास्तविक लेनदेन यकिन गरी साहुको सम्पत्ति शुद्धीकरण सम्बन्धी कानुन आकर्षित गराई ऋण लगानी गरेको र कमको स्रोत छानविन गर्नुपर्ने ।

- मिटरव्याजी साहु-महाजनद्वारा गराइएका आत्महत्या दुरुत्साहन, दुर्व्यवहार, महिला माथि हुने ज्यादती तथा यौनहिंसा र मानवअधिकार उल्लंघनका अन्य घट्नाको गम्भीर छानविन गरी कानुनी कारवाही गरी पीडित र मृतकका परिवारलाई राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्नु पर्ने ।

- पीडितले गैरकानुनी व्याजदरमा ऋण लिनु पर्ने कारणको पहिचान गर्दै शोषित उत्पीडित वर्ग लक्षित न्यायपूर्ण आर्थिक कारोबार सुनिश्चितता गर्न बिनाधितो सहुलियत ऋण प्रवाहको कार्यक्रम ल्याउनु पर्ने ।

- अधिकार सम्पन्न आयोग गठन गर्नु पर्ने ।

मिटरव्याज पीडित किसानका समस्याहरू र सरकारः

मिटरव्याज एवम् सुदखोर प्रथा इतिहासको प्रारम्भ काल २२/२४ राज्य हुँदै वर्तमान आधुनिक नेपालसम्म आइरहेको यो समस्याको समाधान गर्न कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका केन्द्रीयस्तरका तीन महत्वपूर्ण पक्ष संवेदनशील र जिम्मेवार आजसम्म देखिएका छैनन् ।

निष्कर्षः

मिटरव्याज पीडित किसानका समस्याहरु ढिलो नगरिकन यथासक्य चाँडै समाधान गर्नु पर्दछ यस्तो जघन्य अपराधलाई राख्न हुँदैन वर्तमान कानुन नियमहरु अनुकुल छैनन् र नयाँ विशेष कानुन नियम निर्माण गरेर पीडितहरुलाई न्याय दिलाउन तीनै तहका संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुले अहम् भूमिका निर्वाह गर्नु पर्दछ ।

हेटौँडा-५, भैरवरोड

सांसद बोलिरहने, सरकार सुनिरहने मात्रै हुनुहुँदैन

अनिता देवी

जनमत पार्टी पहिलोपटक निर्वाचनमा होमिएको हो । जनमत नयाँ दलका रूपमा संसद्रुमा प्रवेश गरेको छ। बाहिरबाट हेर्दा र संसदीय प्रक्रियामा प्रवेश गर्दा निकै नै फरक अनुभव महसुस हुँदोरहेछ । संसदीय गतिविधिका बारेमा पत्रपत्रिकाबाट थाहा पाउँदै आएका हामी सांसद भएर प्रतिनिधिसभामा प्रवेश गरेपछि भने गतिविधि प्रत्यक्ष हेर्न पाइयो ।

जनप्रतिनिधिका रूपमा निर्वाचित भइसकेपछि सांसदको संसद्रुरु बैठकमा दह्रिलो उपस्थिति हुन्थ्यो होला भन्ने सोचेको थिएँ, तर अवस्था बिलकुल फरक हुँदोरहेछ । संसद्रुरु बैठकमा सांसदको भूमिका जे सोचिएको थियो, त्यस्तो हुँदो रहेनछ । संसद्रुमा आउने, आफ्ना कुरा राख्ने र निस्कने दृश्य पनि देखिएको छ । जनप्रतिनिधि भएका नाताले सांसदले आफ्ना क्षेत्रका जनताका समस्या तथा गुनासो संसद्रुमा राखेर सरकारको ध्यानाकर्षण गराउनुपर्छ। जनताले संसदीय गतिविधिलाई पनि नजिकबाट नियालिरहेका हुन्छन् ।

जिल्ला जाँदा जनताले हाम्रा समस्याका विषय आफ्ना जनप्रतिनिधिले संसद्रुमा उठाएको भनेर भन्नुहुन्छ, तर त्यस विषयको कार्यान्वयनको अवस्था भने निकै जटिल छ। जनप्रतिनिधिले उठाएका विषय कार्यान्वयन भएको तथा त्यस विषयमा सरकारको ध्यानाकर्षण भएको अनुभूति भइरहको छैन । सांसद बोलिरहने, सरकार सुनिरहने जस्तो देखिएको छ । सांसद हुनअघि आफूलाई संसद्रुमा उठाएका सबै विषय सरकारले सहजै कार्यान्वयन गर्छ होला भन्ने लागेको थियो, तर त्यस्तो हुँदोरहेनछ ।

संघीयरु संसद्रुरु कानुन निर्माणको प्रमुख थलो हो, तर कसका लागि कानुन बनाउने भन्ने प्रश्न महत्त्वपूर्ण छ। जसका लागि कानुन निर्माण गरिने हो, त्यो पक्षसँग छलफल नै हुँदैन । हाम्रो देश, जनता, भूगोल र समुदायलाई केन्द्रमा राखेर कानुन निर्माण गर्न सकियो भनेमात्रै प्रभावकारी हुनसक्छ। कोठाभित्र बसेर बनाइने कानुन कहिल्यै पनि सफल हुँदैन ।

विसं २०७९ को निर्वाचनपछि संसद्रुरु चलेको एक वर्ष नाघिसक्यो, तर कानुन निर्माणको अवस्था भने अत्यन्तै कमजोर छ । संविधान कार्यान्वयनसँग सम्बन्धित महत्त्वपूर्ण कानुन निर्माण हुन नसक्नुमा कहीँ न कहीँ सरकारका तर्फबाट कमीकमजोरी भएका छन् । यसबीचमा जनमत पार्टी पनि सरकारमा सहभागी भएको छ । म आफैं संघीयरु मामिला तथा समान्य प्रशासनमन्त्रीका रूपमा छ महिना बढी जिम्मेवारीमा रहेँ । तर कानुन निर्माणमा विलम्ब हुँदा पनि खबरदारी कम भएको महसुस गरेको छु ।

कानुन निर्माणमा निश्चित समय तालिका बनाएर अघि बढ्नुपर्छ। यसअर्थमा पनि के भन्न सकिन्छ भने कानुन निर्माणमा सरकारले प्रभावकारी भूमिका खेल्न सकेन। कुनै एउटा पार्टीको बहुमत नहुँदा पनि कानुन निर्माणले गति लिन नसकेका मान्न सकिन्छ ।

कानुन निर्माणको प्रक्रियामा सत्तापक्ष, प्रतिपक्ष नभनी एकीकृतरूपमा अघि बढ्नुपर्छ । जनताको हितका लागि सबै दलले सहकार्य गरेर जानुपर्ने होइन र ? त्यो दिशामा सबै राजनीतिक दलले ध्यान दिनुपर्छ । नेपालको संसदीय अभ्यासलाई हेर्ने हो भने राष्ट्रिय समस्यामा दलहरूबीच साझा दृष्टिकोण बन्न नसक्नु विडम्बना हो ।

सरकारमा रहँदा एक र बाहिर रहँदा अर्को कुरा गर्ने प्रवृत्तिले अप्ठयारो पारेको छ । संसद्रुमा बौद्धिकता र विद्वत्वता भए पनि त्यसले काम नगर्दोरहेछ। सबै विषय बहुमतबाट टुङ्गोमा पुग्दोरहेछ । संविधान कार्यान्वयन गर्न आवश्यक महत्त्वपूर्ण ऐन अझै बन्न सकेका छैनन् ।

संघीयरु कर्मचारी विधेयक हालै मात्र संसद्रुमा दर्ता भई छलफलको प्रक्रियामा गएको छ । प्रहरी समायोजनको विषय अझै टुङ्गिन सकेको छैन। केही दिन ढिला भए पनि परिपक्व कानुन निर्माणमा सबै सांसदले ध्यान दिनुपर्छ । राष्ट्रिय मुद्दामा सम्पूर्ण राजनीतिक दल एकताबद्ध हुनुपर्छ। जनताको भावना सम्बोधन गर्न नेता तथा सांसद दलीय घेराभन्दा माथि उठ्नुपर्छ ।

जनतम पार्टीले सधैँ जनताको हितलाई केन्द्रमा राखेको छ । जनताले कस्तो कानुनी व्यवस्था खोज्छन्, त्यसलाई मूर्तरूप दिन जनमत पार्टी क्रियाशील रहन्छ । राजनीतिक उपलब्धिको रक्षाका

....बाँकी पृष्ठ ३ मा

परीक्षा आउने बित्तिकै डर पनि लाग्छ

कञ्चन लामा/भिजन न्यौपाने

कक्षा-६/कक्षा-७

सत्यम जेभियर्स इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-४

यतिबेला सामुदायिक विद्यालयका विद्यार्थीहरु वार्षिक परीक्षामा सहभागी भइरहेका छन् भने निजी विद्यालयका विद्यार्थीहरु वार्षिक परीक्षाको तयारीमा छन् । हाम्रो शिक्षा प्रणालीमा विद्यार्थीले परीक्षा केन्द्रित अध्ययन गर्छन् । परीक्षा उत्तीर्ण गर्नका लागि पढ्नुपर्ने बुझाई आम मानिसमा छ । परीक्षामा राम्रो अंक ल्याउनु नै विद्यार्थी, अभिभावक, शिक्षक, समाजको अपेक्षाकै कारण परीक्षा एक हिसाबले भयानक अभ्यास जस्तै रहन्छ विद्यार्थीका लागि । विद्यालयको नियमित पठनपाठन र परीक्षाको विषयमा केन्द्रित रहेर समृद्ध समाज दैनिकका लागि सुप्रभा शर्माले हेटौंडा-४ स्थित सत्यम जेभियर्स इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा ६ मा अध्ययनरत कञ्चन लामा र कक्षा ७ मा अध्ययनरत भिजन न्यैपानेसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:

समाजः अब वार्षिक परीक्षा पनि नजिकिँदै छ । कहिलेदेखि विद्यालयमा परीक्षा सुरू हुँदैछ ? कस्तो तयारी हुँदैछ ?
लामाः हाम्रो वार्षिक परीक्षा चैत १५ गतेदेखि सुरु हुँदैछ। मलाई उच्च अंक ल्याउनु छ। त्यसैले पनि मेरो तयारी एकदमै राम्ररी चलिरहेको छ।

समाजः विद्यार्थीका लागि अतिरिक्त कक्षा पनि सञ्चालन गरिन्छ । तपाइँहरुका लागि त्यस्तो कक्षा सञ्चालन गरिएको छ कि छुट्टै किसिमको कक्षा सञ्चालन गरिएको छ ?
लामाः हाम्रो करिब ३ घण्टाको अतिरिक्त कक्षा हुन्छ। समय तालिका अनुसार छुट्टा-छुट्टै शिक्षकहरुले पढाउने गर्नुभएको छ।
न्यौपानेः हाम्रो पनि सबै शिक्षकहरुले अरु कुरा भन्दा पनि पढाइलाई बढी प्राथमिकता दिने गरेको छ । अहिले हाम्रो रिभिजन सुरु भइसक्यो त्यसैले शिक्षकहरुको निर्देशन अनुसार पढ्ने गरेको छ। ३ वटा विषयहरुका लागि १-१ घण्टाको समय पाएमा राम्ररी अध्ययन गर्न सकिन्छ ।

समाजः अहिलेको समयमा विद्यालयमा धेरै समय व्यतित गरिरहनु भएको छ। दैनिक समय कसरी व्यवस्थापन हुन्छ ?
न्यौपानेः अहिलेको समयमा विहान ६ बजेदेखि ७ बजेसम्म उठिन्छ । विहान एक घण्टा बुबा ममीले पढ्न भन्नु हुन्छ । बिहान अभ्यास गरेमा बेलुका पढेको कुरा सम्झन सजिलो हुन्छ भनेर बिहान १ घण्टा पढ्ने गरेको छु । त्यसपछि ८ देखि ८ बजेर ३० मिनेटसम्म बुवा-ममीसँग कुरा गरेर बस्छु। त्यसपछि खाना खाएर विद्यालय गएर घरमा ८ बजेतिर फर्कन्छु।

समाजः यसरी लामो समयसम्म विद्यालयमा समय व्यतित गर्दा केकस्ता नयाँ कुराहरू सिक्नु भएको छ ?
न्यौपानेः जस्तै अब गणितको कुनै कुनै हिसाबहरु अलि कठिन हुने भएकोले शिक्षकले दोहोराएर सिकाउँदा समयको पनि बचत हुने र सजिलो पनि हुने गर्छ ।
लामाः धेरैजसो गृहकार्यहरु गर्ने गरेको छु। बिहान उठेर राम्ररी याद गर्न सकिन्छ भनेर पढ्ने गरेको छु। अनि घरायसी कामहरु गरेर खाना खाएर घरबाट विद्यालय जानका लागि तयार हुन्छ। अतिरिक्त कक्षामा पनि सहभागी हुने गरेको छु। पहिलाको अतिरिक्त कक्षामा भन्दा पनि अहिलेको नियम अलि राम्रो लागेको छ ।

समाजः घरमै अतिरिक्त कक्षामा सहभागी हुने गर्नुभएको छ कि ? विद्यालयको कक्षामा ।
लामाः घरमा पढाउने शिक्षकको अभाव भएकोले विद्यालयमा पढ्ने गरेको छु ।

समाजः विद्यालयको परीक्षाको तयारीका लागि पनि निकै मिहिनेत गरिरहनु भएको छ। प्रथम हुने लक्ष्यसहित मिहिनेत गरिरहनु भएको छ । परीक्षा भन्ने बित्तिकै कस्तो अनुभव हुन्छ ? परीक्षालाई कसरी नियाल्ने गर्नुभएको छ ?
लामाः अब परीक्षा भन्ने बित्तिकै हामीले के-के सिकेको, के-के कुराहरु जानेको कुराहरुलाई परीक्षामा लेख्ने, प्राक्टिकलमा भन्ने गरिन्छ । परीक्षा आउने बित्तिकै कहिले काहिँ अंकको कारणले डर पनि लाग्छ । आफुले के-के जानेको छ भनेर नतिजा थाहा भएपछि पनि खुशीको अनुभव हुन्छ ।
न्यौपानेः परीक्षा पनि कुन परीक्षा भन्ने कुरा हुन्छ। प्रथम र दोस्रो परीक्षालाई अभ्यास मानिन्छ । तर अन्तिम वार्षिक परीक्षाका एकदमै डर लाग्छ। वार्षिक परीक्षा सुरु हुने बित्तिकै आफुले कुन अंक प्राप्त गर्ने हो भन्ने कुराको डर लाग्छ । परीक्षा भनेर कहिले काहिँ धेरै अध्ययन गरिरहेको हुन्छ ।

समाजः अहिले परीक्षाका लागि भनेर कसरी अध्ययन गरिरहनुभएको छ ?
न्यौपानेः अहिले म गृहकार्य पनि गणित विषयको बढी हुन्छ। अतिरिक्त कक्षामा गणित विषयको अभ्यास गर्ने गरेका छौं। पहिले पढाएको कुराहरुलाई अतिरिक्त कक्षामा पढ्ने गरेको छ।

समाजः तपाइँको कक्षामा अरू साथीहरू पनि हुनुहुन्छ । साथीहरूसँग चाहिँ कतिको मिल्ने गर्नुभएको छ ? साथीहरूमा पनि महत्वपूर्व पात्रहरू हुनुहुन्छ । यसमा चाहिँ कस्तो महत्वपूर्व साथी हुनुहुन्छ ?
न्यौपानेः अहिलेसम्म चाहिँ सबै महत्वपूर्ण साथीहरु हुनहुन्छ। अब कसैले त्यस्तो पिट्ने, गाली गर्ने र कक्षामा ठुलो पल्टन खोज्ने कोहि पनि छैन। सबै सामान्य तरिकाले बोल्ने गर्नुभएको छ। हाम्रो कक्षामा सबै साथीहरुले मित्रताको व्यवहार गर्नुहुन्छ।

समाजः तपाइँको विद्यालयमा चाहिँ पढाइको अंक कस्तो छ ?
न्यौपानेः मेरो कक्षाको अंक प्रथम छ । अहिले के भइरहेको छ भने कक्षामा अहिले प्रतिस्पर्धामा कोहि पनि हुनुहुन्न । अहिले अन्तिममा आएर सबैले राम्रै गरिरहनु भएको छ। त्यसैले अहिले थोरै प्रतिस्पर्धा भइरहेकोले पढ्न मज्जा आइरहेको छ।

समाजः अहिले थोरै प्रतिस्पर्धा भएकोले तपाइँलाई पढ्न मज्जा आइरहेको छ ?
न्यौपानेः प्रतिस्पर्धा नभएको अवस्थामा पढ्दा छुट्टै अनुभव हुने भएकोले पढ्न मन लाग्दैन। प्रतिस्पर्धा भएको अवस्थामा अरुले जित्ला भन्ने डरले पनि पढाइमा सबैको ध्यान जाने भएकोले मलाई प्रतिस्पर्धा भएको ठिक लाग्छ ।

समाजः कञ्चनको परिवारमा को-को हुनुहुन्छ ?
लामाः मेरो परिवारमा मेरो बाबा, ममी, हजुरआमा र म छु । मेरो सानो भाइ छ । मेरो बाबा साउदीमा काम गर्नुहुन्छ। मेरो ममी कृषिमा अलि धेरै रुचि गर्नुहुन्छ अनि घरमा काम गर्नुहुन्छ। हजुरआमाले घरको काममा ममीलाई सहयोग गर्नुहुन्छ।

समाजः तपाइँले आफ्नो घरपरिवारलाई के-कस्तो कामहरूमा सहयोग गर्ने गर्नुभएको छ ?
लामाः म धेरैजसो घरको काम गर्दिनँ। पढाईलाई बढी समय दिने गरेको छु । समय भएको खण्डमा घर सफा गर्छु । ममीलाई सोधेर काम गर्ने र लुगा धुने कामहरु गर्ने गरेको छु।
न्यौपानेः मेरो परिवारमा बाबा, ममी, भाइ, हजुरबुबा हुनुहुन्छ। मेरो ममीले चाहिँ सत्यम बोर्डिङमा पढाउने गर्नुभएको छ। मेरो बाबाले बुद्धचोकको कृषि विकास बैंकमा काम गर्नुहुन्छ। हजुरबुबा र आमा चाहिँ पहिले गाउँमा बसेर खेती गर्नुहुन्थ्यो। अहिले घरायसी काममा सघाउने गर्नुभएको छ।

समाजः तपाईंहरूले भविष्यमा के बन्छु भन्ने लक्ष्य राख्नुभएको छ ?
न्यौपानेः मलाई कम्प्युटरसम्बन्धी रुचि छ । म भविष्यमा कम्प्युटर इन्जिनियर बन्न चाहन्छु।
लामाः मलाई डाक्टर बन्नुछ र सेवा गर्नुछ।

समाजः मनोरञ्जनमा कस्तो मनोरञ्जनात्यमक कुराहरूमा रुचि छ ?
लामाः मलाई संगीतमा रुचि छ। मैले गीत गाउने गरेको छु।
न्यौपानेः मलाई क्रिकेट खेल्न मनपर्छ।



MAKAWANPUR BAL BIDHYA SADAN
KHADKUEL, HETAUDA-18
"WORK WITH MIND, BUT BY HEART"

WE ARE
HIRING

Open Positions
✓ Pre School Teacher
✓ Basic Level English Teacher
✓ Librarian

Requirement
✓ Montessori Trained or +2 with strong command in english language.
✓ Bachelor in respective subject.
✓ Minimum 1 year of experience.

Apply Now

Send Your Resume To :
mbbshtd18@gmail.com

Find us on facebook:
www.facebook.com/mbbshtd18

Interested candidates should submit a resume/CV and cover letter outlining their qualifications and teaching philosophy via mail or drop at school within school hours. Before 2080-Chaitra-15.
(Residential facility for selected candidates from outside Hetauda)

☎ 9840504446, 9855013977

तस्करीको १६ हजार किलो चिनी बरामद

काठमाडौंः दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई पक्राउ गरिएको छ। भारतीय प्रवर्तन निर्देशनालय (ईडी) ले मुख्यमन्त्री केजरीवाललाई बिहिबार साँझ पक्राउ गरेको हो। कथित मदिरा घोटाला प्रकरणमा करिब २ घण्टाको सोधपुछपछि ईडीले मुख्यमन्त्री केजरीवाललाई पक्राउ गरेको हो।

दिल्ली सरकारका स्वास्थ्य, पर्यटन तथा सहरी विकासमन्त्रीसमेत रहेका आम आदमी पार्टीका नेता सौरभ भारद्वाजले सामाजिक सञ्जालमार्फत मुख्यमन्त्री केजरीवाललाई पक्राउ गरिएको पुष्टि गरेका छन्। साथै पक्राउविरुद्ध पार्टी सर्वोच्च अदालत पुगेको पनि उनले बताएका छन्। भारतमा यसै वर्ष बहालवाला मुख्यमन्त्रीलाई पक्राउ गरिएको यो दोस्रो पटक हो। यसअघि झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनलाई पक्राउ गरिएको थियो।

दिल्लीमा यसअघि शिक्षामन्त्रीसमेत रहेका उपमुख्यमन्त्री मनीष सिसोदिया र स्वास्थ्यमन्त्री सत्येन्द्र जैनलाई पनि भ्रष्टाचार आरोपमा पक्राउ गरिएको थियो। दिल्लीमा कथित शराब मामिलामा करिब १०० करोड भारतीय रुपैयाँबराबरको भ्रष्टाचार भएको आरोप लगाइएको छ । लोकसभा चुनावअघि दिल्लीका मुख्यमन्त्री पक्राउ पर्नुलाई राजनीतिक हिसाबले अर्थपूर्ण रूपमा हेरिएको छ । दिल्लीमा मुख्यमन्त्री निवासबाहिर पार्टीका नेता कार्यकर्ताको भिड लागेको छ। पार्टीका वरिष्ठ नेताहरूले पक्राउ परे पनि केजरीवाल मुख्यमन्त्री पदमा रहिरहने दाबी गर्दै आएका छन्। *स्रोतः इकान्तिपुर।*

सांसद बोलिरहने...

लागि बलियो कानुनी संरचना आवश्यक छ । राजनीतिक दलभन्दा माथि उठेर मात्रै देश र जनतालाई हेरेर कानुन निर्माण गर्नु आवश्यक छ । बढ्दो युवा पलायन रोक्न औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरेर रोजगारी सिर्जना गर्नुपर्छ ।

राष्ट्रिय पुँजीपतिको राज्यले संरक्षण गर्नुपर्छ । लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ। निजी क्षेत्रलाई विश्वासमा लिएर सरकार अघि बढ्नुपर्छ । कानुन निर्माण गर्ने संसद्‌रुबाटै हो। राष्ट्रिय चासोका विषयमा दलीय स्वार्थभन्दा माथि उठेर एकताबद्ध भएर जान सकेमा अपेक्षित परिणाम दिन सकिन्छ । सरकारले संसद्‌रुलाई पर्याप्त 'बिजनेस' दिनुपर्छ । *(स्रोतः रासस)*

मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः चन्द्र बहादुर लामा समेत छ जना जग्गाधनीः लाल सिं वाइवा

जिल्ला मकवानपुर साविक सिस्नेरी गा.वि.स. वडा नं. ९ हाल इन्द्रसरोवर गा.पा. ३ बस्ने चन्द्र बहादुर लामा समेत छ जनाको माग निवेदन फिल्डबुक जग्गावालाको नाम थर वतन कैफियत व्यहोरा बमोजिम लाल सिं वाइवा टोड्के वार्ड ९ बाबु कष्णलाल बाजे मान्सी उल्लेख भएको । लाल सिं वाइवाको मिति २०५०।०३।२७ मा मृत्यु भएको, निजको एकमात्र श्रीमति ऐत माया वाइवाको मिति २०४८।०५।२३ मा मृत्यु भएको । निजहरुको हकदार पाँच छोराहरु चन्द्र बहादुर लामा, इन्द्र बहादुर वाइवा, वीर बहादुर वाइवा, चन्द्र बहादुर वाइवा, कृष्ण बहादुर वाइवा भएकोमा काँहिला छोरा चन्द्र बहादुर वाइवाको मिति २०६५।०५।२९ मा मृत्यु भएको निजको एकमात्र श्रीमति पानमाया वाइवा मिति २०६० मा दोस्रो विवाह गरी अन्यत्र गएको, निजहरुका हकदार दुइ छोराहरु विवेक वाइवा र रामकृष्ण वाइवा भएकोले हाम्रो बाबु/बाजेको नाममा कायम रहेको फिल्डवुक अनुसार टोड्के गा.वि.स वडा नं ४ को कि.नं. १२२ ज.रो १६-१-१-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदारहरु चन्द्र बहादुर लामा, इन्द्र बहादुर वाइवा, वीर बहादुर वाइवा, कृष्ण वहादुर वाइवा, विवेक वाइवा र रामकृष्ण वाइवा समेत छ जनाको संयुक्त नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः जित बहादुर कार्की जग्गाधनीः सा. जित बहादुर कार्की ।

जिल्ला मकवानपुर साविक फाखेल गा.वि.स. वडा नं. ८ हाल इन्द्रसरोबर गा.पा. ५ बस्ने जसराज कार्कीको नाती, बल बहादुर कार्कीको छोरा जित बहादुर कार्कीको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं. मार्खु वार्ड नं. २ मा बस्ने बेद बहादुर कार्कीको हो भनी सहि गर्ने यो जग्गा वा.स.ले मेरो नाममा लेखायता पनि मेरो नम्बरी होइन मेरो दाई सा. जित बहादुर कार्की नं. २ को हो भनी सहि गर्ने जगगावालाको नाम, थर, वतन व्यहोरा बमोजिम सा, जित बहादुर कार्की नं. २ बानु बलबहादुर बाजे जसराज उल्लेख भएको फिल्डवुक अनुसार मार्खु गा.वि.स वडा न २ को कि.नं. ३२५ ज.रो ०-१४-०-० जग्गाको पुर्जा प्राप्त नभएकाले जित बहादुर कार्कीको नाममा छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम क्लुट जग्गा दर्ता भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ्।

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

ISKCON
HETAUDA
SPIRITUAL WISDOM
with HG PATRI PRABH
WORLD RENO
SPIRITUAL GURU/C
20 MARCH 2024, WE

पत्री दासको प्रवचनः अन्तर्राष्ट्रिय कृष्ण भावनामृत संघ (इस्कोन) हेटौँडाको आयोजनामा बुधबार साँझ हेटौँडामा प्रवचन दिनुहुँदै गुरु पत्री दास । युक्रेन मामाघर भएका रसियाली नागरिक पत्री दासले शान्ति, सुख र सम्पन्नताका लागि पूर्वीय धर्मशास्त्रको महत्वका बारेमा प्रवचन दिनुभएको थियो । आफ्नो जन्मघर र मामाघरबीचको जारी युद्ध दुखद् रहेको उल्लेख गर्नुहुँदै आफू नेपालमा सुख, शान्तिका साथ बाँचिरहेको बताउनुभयो ।

प्रदेशस्तरीय राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीबारे समीक्षा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषदले प्रथम अन्तरप्रदेशस्तरीय राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रदेश टिम तयारीको विषयमा समीक्षा गरेको छ । बिहीबार प्रदेश खेलकुद विकास परिषद् अध्यक्ष तथा सामाजिक विकासमन्त्री कुमारी मोक्तानको सभाध्यक्षमा सामाजिक विकास मन्त्रालको सभाहलमा बसेको १७ औं बोर्ड बैठकले प्रदेश टिमको तयारीको विषयमा समीक्षा गरेको खेलकुद विकास परिषदका सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभएको छ ।

बैठकले अन्तप्रदेशस्तरीय खेलकुद प्रतियोगिताको लागि विभिन्न उपसमितिको संयोजक तोकेको छ । प्रचारप्रसार समिति संयोजकमा नेपालको पहिलो रेस्लर तथा कराँतेका एकेएफ रेफ्री हिक्मत थपलिया रहने भएका छन् । स्वास्थ्य उपसमितिको संयोजकमा तेक्वान्दोका अन्तर्राष्ट्रिय खेलाडी अमृत तामाङ र पुरस्कार तथा खेल सामग्री व्यवस्थापन संयोजकमा अन्तर्राष्ट्रिय कराँते खेलाडी तथा चलचित्र निर्माता निरञ्जन थापालाई चयन गरेको छ ।

बैठकले खेलस्थल व्यवस्थापनको संयोजकमा प्रदेश खेलकुद विसका परिषद्का बोर्ड सदस्य तथा बुद्धिचाल खेलाडी माधव तिमल्सिनालाई चयन गरेको छ । यस्तै, अनुशासन समितिमा सुनिता गौतम, प्राविधिक खेलकुद समन्वय समिति संयोजकमा धनकुमार मैनाली चयन भएका छन् । बसोबास तथा यातायात समिति संयोजकमा बोर्ड सदस्य तथा राष्ट्रिय कराँते खेलाडी उत्तम गुरुङ रहने बताइएको छ ।

प्रतियोगितामा १ सय ४६ वटा स्वर्ण पदकको लागि ७ प्रदेशबाट ३ हजारभन्दा बढी खेलाडीहरुबीच प्रतिस्पर्धा हुने प्रतियोगिता तथा तालिम शाखा प्रमुख दुर्गाप्रसाद दुलालले बताउनुभएको छ । प्रतियोगितामा ९ विधामा प्रतिस्पर्धा हुने प्रमुख दुलालले बताउनुभयो। प्रतियोगितामा महिला पुरुष तेक्वान्दो, कराँते, बक्सिङ, क्रिकेट, भलिबल, फुटबल, एथ्लेटिक्स र पौडीको खेल हुनेछ ।

प्रतियोगिताअन्तर्गत् महिला-पुरुष क्रिकेट गौतमबुद्ध क्रिकेट रंगशालामा, तेक्वान्दो, कराँते र बक्सिङ चितवन जिल्लाको औद्योगिक प्रदर्शनी हलमा, महिला र पुरुष भलिबल चितवनको गेष्ट हाउस चौरमा, पौडी एल्टिडी हबेलीमा र एथ्लेटिक्स खेल चितवनको केन्द्र अथवा वीरेन्द्र क्याम्पसमा हुने उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी जनाउनका लागि विभिन्न प्रदेशले टिम तयार गरिहेको बताउनुहुँदै प्रदेशले १२ गतेसम्म नाम पठाइसक्नुपर्ने दुलालले बताउनुभयो । अन्तर प्रदेशस्तरीय छनोट प्रतियोगिताअन्तर्गत् बागमती प्रदेशको कराँते, बक्सिङ, तेक्वान्दो, एथ्लेटिक्स खेलको छनोट सम्पन्न भएको छ ।

यही चैत २५ गतेदेखि चितवनको गौतम बुद्ध क्रिकेट रंगशालमा सुरु हुने प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले गर्नुहुनेछ भने समापन हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुनेछ । यसअघि प्रतियोगिताको समापन हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा गर्ने भनिएता पनि तेस्रो संस्करणको मेयर कप फुटबल यही चैत २४ गतेबाट हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुने भएकाले प्रतियोगिताको समापन हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुने सदस्यसचिव भण्डारीले बताउनुभयो ।

प्रतियोगिताको समापन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले गर्नुहुने जनाइएको छ । नवौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिताबाट बागमती प्रदेशको टिममा परेको, अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी जनाएको र विभागीय टिमबाट राजीनामा दिएको खेलाडीहरुले अन्तरप्रदेशस्तरीय प्रतियोगितामा सहभागी जनाउन पाउने जनाइएको छ। प्रदेशको मापदण्डबमोजिम छनोट भएको, पहिलो र दोस्रो प्रदेशस्तरीय प्रतियोगितामा पदक प्राप्त गरेर छनोट भएको खेलाडीहरुले विभिन्न संघहरुको अन्तर्राष्ट्रिय निमयबमोजिम अन्तरप्रदेशस्तरीय प्रतियोगितामा सहभागी जनाउनेछन् ।

विभिन्न ७ प्रदेशका खेलाडीहरुबीच प्रतिस्पर्धा गराउने, विभिन्न प्रदेशका खेलाडीहरुको पहिचान गर्न, खेलाडीहरुको खेल कौशलताको अभृवृद्धि गर्न र प्रदेशका खेलाडीहरुबीच भातृत्व कायम गराउन प्रतियोगिताको आयोजना गर्न लागेको जनाइएको छ । प्रतियोगितामा स्वर्ण, र जत र कास्य पदक विजेता टिमले क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि ६ करोड बजेट विनियोजन भएको छ । प्रतियोगिताको लागि करिब ११ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । बैठकमा मन्त्रालयका सचिव डा. भीष्मकुमार भुषाल, परिषदका सदस्यसचिव भण्डारी र नेपाली सेना तथा सशस्त्र प्रहरी बलका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

वडाको आयोजनामा शिक्षक भलिबल र फुटसल

विद्यार्थी, अभिभावक र शिक्षकलाई सम्मान गर्ने

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडाले चालु शैक्षिक सत्र र आगामी शैक्षिक सत्र लक्षित गरी विविध कार्यक्रम गर्ने भएको छ । वडाले विद्यार्थी, शिक्षक, कर्मचारी लक्षित कार्यक्रम गर्न लागेको शैक्षिक गुणस्तर सुधार समिति हेटौँडा-४ का संयोजक श्रीराम दाहालले जानकारी दिनुभएको छ ।

वडा समितिमा गत सोमबार बसेको बैठकले यही चैत १८ गते वडाका विद्यालयमा कार्यरत शिक्षकहरुबीच फुटसल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको छ । चैत २३ र २४ गते जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको छ । चैत २२, २३ र २४ गते पूर्वप्राथमिक तहका शिक्षकका लागि शैक्षिक सामग्री निर्माण तालिमको आयोजना गर्ने निर्णय गरेको समितिका संयोजक दाहालले जानकारी दिनुभएको छ।

शैक्षिक गुणस्तर सुधार समितिको समन्वयमा वडा कार्यालयले आगामी शैक्षिक सत्रलाई पनि लक्षित गरेर वार्षिक परीक्षामा उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थी, तिनका अभिभावक, सहयोगी शिक्षकलाई सम्मान गर्ने जनाएको छ । २०८१ साल बैशाख १४ गते विद्यार्थी, अभिभावक र शिक्षक सम्मानको कार्यक्रम तय गरिएको संयोजक दाहालले बताउनुभयो । कक्षा-८ को वार्षिक परीक्षाको आधारमा वडामै उत्कृष्ट नतीजा हासिल गर्ने विद्यार्थी, तिनका अभिभावक र सहयोगी शिक्षकलाई सम्मान गर्न लागिएको हो ।

यस्तै बैशाख १४ गते नै वडाका शिक्षकहरुका लागि अभिप्रेरणात्मक अभिमुखीकरण र सिकाई आदानप्रदानसम्बन्धी कार्यशाला पनि आयोजना गरिने बताइएको छ । कार्यक्रममा सरकारी र निजी दुबै विद्यालयका शिक्षकको सहभागिता रहनेछ। बैठकमा वडाअध्यक्ष नवीन सिग्देलले शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकहरुको अगुवाईमा उपयुक्त काम गर्नुपर्ने र त्यसका लागि वडाले सहयोग गर्ने बताउनुभयो । सरकारी र निजी विद्यालयले आपसमा सहकार्य गरेर वडाको शैक्षिक वातावरण निर्माण र विकासमा काम गर्न पनि उहाँले आग्रह गर्नुभएको छ ।

कार्यक्रममा वडा सदस्य गायत्री त्रिपाठी, जनरल श्रेष्ठको पनि उपस्थिति रहेको थियो। वडाले सरकारी र निजी विद्यालयका शिक्षक प्रतिनिधिको सहभागितामा शैक्षिक गुणस्तर सुधार समिति गठन गरेको छ । समितिको समन्वय र वडाको आर्थिक सहयोगमा शैक्षिक प्रदर्शनी, विद्यार्थीबीच विविध रचनात्मक प्रस्तुती र प्रतिस्पर्धाको आयोजना गर्दै आएको छ ।

जितपुर-सिमरा कप टी-२० क्रिकेट

बिहीबार स्थगित खेल शुक्रबार हुने

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिकामा जारी जितपुर-सिमरा कप टी-२० क्रिकेट प्रतियोगितामा मकवानपुर जिल्लाको क्रिकेट टिम र भैरहवा क्रिकेट टिमबीच हुन लागेको खेल स्थगित भएको छ । बुधबार भैरहवा र जनकपुर क्रिकेट टिमको खेल वर्षाको कारणले प्रभावित भएकाले बिहीबार मकवानपुर र भैरहवाबीचको खेल स्थगित भएको हो ।

प्रतियोगिताअन्तर्गत् मकवानपुरको खेल शुक्रबार हुनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

धादिङ, रामेछाप र रसुवामा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः विभिन्न घटनामा एकै दिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको धादिङ, रामेछाप र रसुवामा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। धादिङ जिल्लाको गजुरी गाउँपालिका-२, मलेखुमा एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा सुनसरी जिल्ला बराहा नगरपालिका-८ बस्ने ३७ वर्षीय बिपिन काफ्ले रहेको प्रहरीले जानकारी दिएको छ।

बुधबार बा प्र ०१-००६ ख ५१७४ नम्बरको बसमा काठमाडौंबाट आफ्नो घर जाने क्रममा धादिङ महादेवबेशी आइपुग्दा काफ्लेको एक्कासी श्वासप्रश्वासमा समस्या भई स्थानीय मेडिकलमा स्वास्थ्यजाँच गराई सोही बसमा फर्किएका थिए। फर्किने क्रममा धादिङ मलेखुमा पुग्दा झनै स्वास्थ्यमा समस्या देखिएकोले काफ्लेलाई मलेखुस्थित टिचिङ अस्पतालमा लगिएकोमा उपचारको उपचारकै क्रममा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रामेछाप जिल्लाको लिखु-तामाकोशी गाउँपालिका-४, नंगीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ५२ वर्षीय बुक बहादुर सुनुवार रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार सुनुवार घर नजिकै रहेको छिमेकीको घरको करेसाबारीमा मृतक फेला परेको थिए । सुनुवार ३ दिनदेखि झाडापखला लागी हल्का विरामी भइरहेको भन्ने बुझिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, रसुवा जिल्लाको कालिका गाउँपालिका-३, धारापानीमा गोरेटो बाटोबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४६ वर्षीय वीर बहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार तामाङ सिचाई ट्याङ्कीमा मजदुरी गरी घर फर्कने क्रममा अचानक सोही स्थानको गोरेटो बाटोबाट ७ मिटर तल ढलानमा लडी घाइते अवस्थामा फेला परेका थिए । घाइते तामाङलाई उद्दार गरी घरमा लगेर राखिएकोमा घरमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

ज्ञानदीप बहुउद्धेश्यीय सहकारी संस्था लि.को
२४औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.को २४औं वार्षिक साधारण सभा तपसील बमोजिम आयोजना गरिएको जानकारीका लागि सम्पूर्ण सेयर सदस्यहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसील
मितिः २०८०/१२/२४ गते शनिबार
समयः बिहान १०:३० बजे
स्थानः जय गणेश पार्टी प्यालेस
हेटौँडा-५, मकवानपुर

सचिव
ज्ञानदीप बहुउद्धेश्यीय सहकारी संस्था लि.
हेटौँडा-५, मकवानपुर

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)



खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।
वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेंलो निभाऔं । डढेंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।
डिभिजन वन कार्यालय, मकवानपुर

सृजनशिलता र उद्यमशिलता प्रवर्दन : बागमतीमा युवा सशक्तिकरण
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
प्रदेश युवा परिषद्, बागमती
जिल्ला युवा समिति, मकवानपुर
तालिम सञ्चालन हुने सम्वन्धी सूचना

प्रदेश युवा परिषद् बागमती प्रदेशको आयोजनामा सञ्चालन हुने ३९० घण्टे, १६० घण्टे तथा छोटो अवधिको तालिममा सहभागी भई सीप सिकेर रोजगार बनौं । यो तालिम १६ देखि ४० बर्षसम्मका युवाहरुलाई निशुल्क दिईनेछ ।
- फारम भर्ने अन्तिम मिति २०८० चैत्र २२ गतेसम्म ।

तालिमका बिषयहरूः
निर्माण क्षेत्रमाः डकर्मी, बिल्डिङ इलेक्ट्रिसियन (बिद्युत), पलम्बिङ, फर्निचर मेकर
सेवा क्षेत्रमाः ब्युटि पार्लर, मोबाईल रिपेयरिङ, सुरक्षा गार्ड, मन्टेश्वरी, हलुका सबारी चालक, मोटरसाईकल रिपेयरिङ
कुषि क्षेत्रः बेमौसमी तरकारी खेती, मौरी पालन, नेपाली हाते कागज बनाउने, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, सामुदायिक कृषि सहायक
होटल तथा पर्यटनः सहायक कुक, वेटर, हाउस किपिङ, वारिष्टा
अन्य क्षेत्रः नर्सरी तथा गार्डेन ब्यवस्थापन
विस्तृत जानकारीको लागि जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष सुमन पाखिन ९८४५२२१९३३ र कर्मचारी किसान किङ्ग्रिङ मगर ९८६६१२०५४६ सँग सम्पर्क राख्नुहुन अनुरोध छ । वा प्रदेश युवा परिषद्, बागमतीको वेवसाईटमा गई हेर्न र अनलाईन फर्म भर्न सकिने छ ।
सिट सिमित भएकोले छिटोभन्दा छिटो सम्पर्क राख्नुहुन अनुरोध छ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ